आकाशवाणी

## 1. प्रधानमन्त्री-मन की बात

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएकोछ, भारतले यस वर्ष राष्ट्रीय सुरक्षा, खेल र विज्ञानलाई लिएर विश्वको सबैभन्दा ठूलो मन्चहरू सम्म हरेक ठाउँमा आफ्नो बलियो छाप छोड़ेको छ। आज आकाशवाणीको **मन की बात** कार्यक्रममा, प्रधानमन्त्रीले भन्नुभयो, दुई हजार पचिस सालले प्रत्येक भारतीयलाई गौरवान्वित गर्ने धेरै क्षण दियो । उहाँले भन्नुभयो, **'अपरेशन सिन्दूर'-** हरेक भारतीयका लागि गर्वको प्रतीक बन्यो । श्री मोदीले भन्नुभयो, विश्वले स्पष्ट रूपले देख्यो, अब भारतले आफ्नो सुरक्षा संग कुनै समझौता गर्न सक्दैन । **प्रधानमन्त्रीले वन्दे मातरमको एक सय पचासऔं वर्षगांठमा मानिसको उत्साह र जोशको पनि प्रंशसा गर्नुभयो ।**

## 2.केन्द्रीय राज्य मन्त्री सिक्किम आगमन हुने

केन्द्रीय अल्पसंख्यक कार्य , मत्स्य पालन, पशुपालन तथा डेयरी राज्य मन्त्री George Kurian भोली देखि सिक्किमको दुईदिने आधिकारिक भ्रमणमा आउँनुहुनेछ। भ्रमणका क्रममा, मन्त्रीले भोली दिउँसो सोरेङ्ग जिल्लामा आएर

**रुरबन कम्प्लेक्स**, सोरेङ्गमा जिल्ला प्रशासनसँग समीक्षा बैठकको अध्यक्षता पनि गर्नुहुनेछ।

मन्त्रीले ई.पी.सी चर्च, सोरेङ्ग; **ट्राउट फिश फर्म श्रीबदम**; श्रीबदम मठ; **पी.एच.एस.सी च्याखुङ्**; **रूरल एस.एच.जी मार्ट, च्याखुङ्ग**; र जिल्लाका अन्य महत्वपूर्ण संस्थाहरूको भ्रमण गर्नुहुनेछ। उहाँले सोरेङ्ग जिल्लाको **सिमला रिट्रीएट**-को पनि भ्रमण गर्नुहुनेछ। मन्त्री भ्रमण समापनको भोलीपल्ट दिल्ली फर्किनुहुन्छ।

## 3.खाद्य भण्डारण डिपोको निरीक्षण

केन्द्रीय मन्त्री प्रह्लाद जोशीले सिक्किमको रम्फूमा रहेको भारतीय खाद्य निगम (एफ.सी.आई)को खाद्य गोदामको निरीक्षण गर्नुभयो । उहाँले डिपोका सुविधाहरूको अवलोकन गर्दै सार्वजनिक वितरण प्रणाली (पी.डी.एस) अन्तर्गत खाद्यान्न भण्डारण र वितरणको कार्यान्वयनको समीक्षा गर्नुभयो । अधिकारीहरूले उहाँलाई, भण्डारण स्थिति, गुणस्तर नियन्त्रण उपायहरू र राज्यभर, विशेष गरी कठिन पहाडी इलाकाहरूमा खाद्यान्नको निर्बाध आपूर्ति सुनिश्चित गर्नका लागि आवश्यक उपायहरूको बारे जानकारी दिए ।

## 4.सीबीसी र पीआईबी गान्तोक द्वारा आईसीओपी आयोजन

सेन्ट्रल ब्यूरो अफ कम्युनिकेशन र प्रेस इनफार्मेशन ब्यूरो गान्तोकले भोली र पर्सी तादोङ्ग स्थित आई.टी.बी.पी सेक्टर मुख्यालयमा Integrated Communication & Outreach Programme को आयोजना गर्दैछ। कार्यक्रमको विषय "विकसित भारत @2047" रहेको छ ।आई.टी.बी.पी-का डी.आई.जी सञ्जीव कुमार सिंह कार्यक्रममा मुख्य अतिथिको रुपमा उपस्थित हुनुहुनेछ।

सीबीसी र पीआईबी, गान्तोकले आई.टी.बी.पी, सेक्टर मुख्यालय, गान्तोक सँगको सहकार्यमा आयोजित यस कार्यक्रममा "एक पेड़ मा के नाम", "सरदार @150", "मिशन लाइफ" जस्ता विषयहरूमा चर्चा पनि हुनेछ।

5.सिक्किम विश्वविद्यालय रजिस्टर्ड

- भारतीय राजनीतिक विज्ञान संघ (आई.पी.एस.ए) को बयासट्ठी औं सम्मेलन हिजो र आज के.आई.आई.टी भुवनेश्वरमा आयोजना गरियो , जसको विषय "We the People of Bharat" रहेको थियो । यस सम्मेलनमा देशभरबाट सत्र सय पचास जना प्रतिभागीले भाग लिए, जसमा विद्वान, शिक्षाविद र विद्यार्थीहरु सम्मिलित थिए। यो सम्मेलन भारतीय राजनीतिको सम्वैधानिक सिद्धान्त, लोकतान्त्रिक नागरिकता र विकसित चुनौतीहरुलाई पुनर्विचार गर्ने महत्वपूर्ण बौद्धिक मन्च बन्यो।

सिक्किम विश्वविद्यालयका कुलपति प्रोफेसर **सन्तानु कुमार स्वाइन**-ले सम्मेलनको उद्घाटन सत्रमा मुख्य अतिथिको रुपमा भाग लिनुभयो। आफ्नो भाषणमा, प्रोफेसर स्वाइनले भारतमा राजनीतिक विज्ञानको विकासमा आई.पी.एस.ए-को स्थायी योगदानको उल्लेख पनि गर्नुभयो ।

**6.नामसुङ महोत्सवको दोस्रो दिन**

Namprikdang नामसुङ महोत्सवको दोस्रो दिन आज सिक्किम कल्याण आयोगका अध्यक्ष निम छेरिङ लेप्चा मुख्य अतिथिको रुपमा उपस्थित हुनुभयो । उहाँसँग बागवानी अध्यक्ष अङ्किकत लेप्चा, र अन्य अधिकारीहरू पनि  उपस्थित हुनुहुन्थ्यो । **विधायक मानेबुङ देन्ताम** सुदेश कुमार सुब्बा पनि दोस्रो सत्रमा सहभागी हुनुभयो । आजको कार्यक्रममा पारम्परिक सांस्कृतिक कार्यक्रम, **टग अफ वार** प्रतियोगिता, रिभर राफ्टीङ र दोस्रो **एम.एल.ए** जङ्गु आर्चरी प्रतियोगिताको  आयोजना गरिएको थियो।

**आई.सी.ओ.पी.-ले सरकारी योजनाहरू, नीतिहरू र संवैधानिक मूल्यहरू बारे जागरूकता फैलाउने लक्ष्य राखेको छ, विशेष गरी युवाहरूलाई प्रदर्शनी, लोक मीडिया र डिजिटल अभियान जस्ता कार्यक्रमहरू मार्फत जोड्ने प्रयास गरिनेछ।**